Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# सोल्टी होटेल लिमिटेडको ५०औं वार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त वार्षिक प्रतिवेदन

(कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजीम तयार पारिएको)



## आर्थिक वर्ष २०८०/२०८१

ताहाचल, काठमाण्डौं, नेपाल ।

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# सोल्टी होटेल लिमिटेडको ५०औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभाव,**

मिति २०८१ कार्तिक १३ गते (२९ अक्टोबर २०२४) मंगलबारका दिन बसेको यस सोल्टी होटल लिमिटेड (कम्पनी) को सञ्चालक समितिको २५३औं बैठकको निर्णय अनुसार यस कम्पनीको ५०औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा भौतिक तथा अभौतिक माध्यम अर्थात भर्चुअल भिडियो कन्फेरेन्स (Virtual Video Conference Medium) माध्यमबाट समेत उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## १. सभा हुने मिति, समय र स्थानः

मिति: २०८१ साल पौष ०४ गते तद्नुसार १९ डिसेम्बर २०२४, विहिबारका दिन ।

समय: बिहान ११.०० बजे ।

स्थान: नेपाल प्रज्ञा–प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी, काठमाडौं ।

कम्पनीको ५०औं वार्षिक साधारण सभा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा भौतिक उपस्थिति तथा अभौतिक माध्यम अर्थात भर्चुअल भिडियो कन्फेरेन्सको माध्यमबाट समेत सञ्चालन हुनेछ र शेयरधनी महानुभावहरू साधारण सभामा भर्चुअल भिडियो कन्फेरेन्स अनलाइन माध्यमबाट सहभागीताको लागि समेत अनुरोध गर्दै साधारण सभामा सोहि अनुसार भर्चुअल भिडियो कन्फेरेन्स माध्यमको समेत व्यवस्था गरिनेछ ।

## २. छलफलका विषयहरुः

### (क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) का वार्षिक आर्थिक विवरणहरू, (Financial Statements), २०८१ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरूको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को वित्तीय विवरणहरू समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरू, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को नाफाबाट कम्पनीका शेयरधनीहरूलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको २६.८४२१०५२६ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/०८२ (२०२४/२५) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विषेश प्रस्ताव**

५. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरूलाई १० प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक १० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

६. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको शेयर पूंजी वृद्धि गर्ने विशेष प्रस्तावलाई स्विकृत गरी पारित गर्ने;

(क) कम्पनीको अधिकृत पूंजी रू. १,५००,०००,००० (अक्षेरेपी एक अर्ब पचास करोड मात्र) प्रति शेयर रू. १०/- का दरको १५०,०००,००० थान साधारण शेयरबाट वृद्धि गरी रू. २,०००,०००,००० (अक्षेरेपी दुई अर्ब मात्र) प्रति शेयर रू. १०/- का दरको २००,०००,००० थान साधारण शेयर पुऱ्याउने ।

(ख) कम्पनीको जारी पूंजी रू. १,०००,०००,००० (अक्षेरेपी एक अर्ब मात्र) प्रति शेयर रू. १०/- का दरको १००,०००,००० थान साधारण शेयरबाट वृद्धि गरी रू. १,५००,०००,००० (अक्षेरेपी एक अर्ब पचास करोड मात्र) प्रति शेयर रू. १०/- का दरको १५०,०००,००० थान साधारण शेयर पुऱ्याउने ।

७. कम्पनीको संचालक समितिबाट शेयर पूंजी वृद्धि गर्ने विशेष प्रस्ताव भए बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने तथा यस सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्न आवश्यक भएमा सोका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

**(ग) विविध**

**८. विविधः अध्यक्षको अनुमति अनुसार ।**

**संचालक समितिको आज्ञाले**

**(लिल बहादुर खत्री)**
**कम्पनी सचिव**

**संलग्न कागजातहरुः**

१. ५०औं वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारी, प्रतिनिधि नियुक्त गर्ने र निवेदन फाराम ।

२. आर्थिक वर्ष २०८०/८१ को कम्पनी ऐनको दफा ८४ अनुसारको लेखापरीक्षकको प्रतिवेदन र एकिकृत आर्थिक विवरणहरू सहितका संक्षिप्त बार्षिक आर्थिक विवरणहरू, संचालक समितिको संक्षिप्त प्रतिवेदन ।

# ५०औं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको ५०औं वार्षिक साधारण सभाको बैठक २०८१ साल पौष ०४ गते तद्नुसार १९ डिसेम्बर २०२४, विहिबारका दिन बिहान ११.०० बजे नेपाल प्रज्ञा–प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी, काठमाडौंमा बस्नेछ ।

२. कम्पनीको ५०औं वार्षिक साधारण सभा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा भौतिक उपस्थिति तथा अभौतिक माध्यम अर्थात भर्चुअल भिडियो कन्फेरेन्सको माध्यमबाट समेत सञ्चालन गरिनेछ । कम्पनीको ५०औं वार्षिक साधारण सभाको बैठकमा भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट शेयरधनिहरूको सहभागिताको लागि जसले पहिला दर्ता गर्दछ वा पहिलो भर्चुअल सहभागी हुन जानकारी गराउँछ उसले सेवा पाउंछको आधारमा (First come First served basis) भर्चुअल भिडियो कन्फेरेन्स को Video conference लिंक (link) शेयरधनीहरूको आधिकारिक ईमेल आई डी मा उपलब्ध गराइनेछ । साथै भिडियो कन्फरेन्सिंग (भर्चुअल) मार्फत ५०औं वार्षिक साधारण सभामा भाग लिने शेयरधनीहरुको भर्चुअल सहभागितालाई कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिमको गणपूरक संख्या गणना गर्दा उपस्थितिमा समावेश गरी गणना गरिनेछ ।

३. कम्पनीको ५०औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब विहिबार, २०८१ मंसिर १३ गते (२८ नोभेम्बर २०२४) देखि, बिहिबार, २०८१ पौष ०४ (१९ डिसेम्बर २०२४) गते सम्म अर्थात ५०औं साधारण सभा सम्पन्न नभए सम्म जम्मा २२ दिनको लागि बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ मंसिर १२ गते (२७ नोभेम्बर २०२४) सम्म नियमानुसार कारोवार भई यस कम्पनीको शेयर रजिष्ट्रार एन आई एम बि एस क्यापिटल लिमिटेडमा शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरूलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

४. भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट सहभागि हुनुहुने शेयरधनी महानुभावहरूलाई ५०औं बार्षिक साधारण सभा स्थलमा उपस्थित भए सरह मान्यता दिइनेछ । भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट सहभागि हुनुहुने शेयरधनिहरूको हाजिर निजहरूले गरेको भर्चुअल लगईन (Virtual Log-in) को आधारमा गरिनेछ । शेयरधनीहरूलाई सहभागिताको लागि भर्चुअल भिडियो कन्फरेन्सको Video Conference लिंक (link) शेयरधनिहरूको आधिकारिक ईमेल आई डी मा कम्पनीको ईमेल legal@soaltee.com.np बाट पठाउने व्यवस्था गरिनेछ ।

५. कम्पनीको ५०औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना सहितको संक्षिप्त आर्थिक विवरण २०८०/८१ कम्पनीका शेयरधनी महानुभावहरूको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै शेयरधनीहरूको लगतमा कायम रहेको ईमेल ठेगानामा समेत संप्रेषित गरिनेछ । शेयरधनी महानुभावहरूले ५०औं वार्षिक साधारण सभाको सूचना र वित्तीय विवरणहरू सहितको ५०औं वार्षिक प्रतिवेदन २०८०/८१ कम्पनीको वेबसाईट Website: www.soalteehotel.com मा समेत हेर्न सकिनेछ ।

६. छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरूले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै अर्थात २०८१ मंसिर २७ (१२ डिसेम्बर २०२४) गते बिहिबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षलाई लिखित जानकारी दिनुपर्नेछ । तर, यसलाई छलफल र पारित हुने

प्रस्तावको रूपमा भने समावेश गरिने छैन ।

७. साधारण सभामा भाग लिनको लागि कम्पनीको कायम अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो प्रतिनिधि नियुक्ती पत्र, सभा शुरू हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, ताहाचल काठमाण्डौंमा दर्ता गरी सक्नुपर्नेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वंय सभामा उपस्थित भएमा आफुले नियुक्त गरेको प्रतिनिधि रद्द गरेपछि मात्र निज स्वंयले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । संगठित संस्थाको प्रतिनिधि पत्रमा सम्बन्धीत संस्थाको छाप सहित आधिकारिक व्यक्तिले दस्तखत गरेको हुनुपर्दछ ।

८. शेयरधनी महानुभावहरूले सभामा आउँदा शेयर प्रमाण पत्र वा डिम्याट हितग्राही खाताको विवरण (डिम्याट एकाउण्ट नम्बर) सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको नेपाल सरकारबाट जारी प्रमाण पत्र) अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्नेछ र सभा स्थलमा रहेको शेयरधनी उपस्थिति पुस्तिकामा दस्तखत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न दिइनेछ । तोकिएको सभा हुने समय भन्दा आधा घण्टा अगावै सभा कक्षमा उपस्थित भईदिनुहुन सबै शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ । शेयरधनी उपस्थिति पुस्तिका, शेयरधनीहरूको हाजिरी दस्तखतका लागि बिहान ९ बजे देखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

९. सभाको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सभा स्थलमा खटिएका सुरक्षाकर्मीहरूलाई आवश्यक सहयोग पुर्याउन अनुरोध गरिन्छ । शेयरधनी महानुभावहरू सभा स्थलमा आउदा कुनै किसिमका झोला, ब्याग, प्याकेट आदि जस्ता वस्तुहरू ल्याउन पाइने छैन ।

१०. शेयरधनीहरूलाइ कम्पनीको ५०औं बार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा आइतबार देखि शुक्रबार सम्म बिहान १० बजे देखि अपरान्ह ४ बजे सम्म (दिउसो १ बजे देखि २ बजे बाहेक) सम्पर्क राख्न सक्नुहुनेछ ।

११. शेयरधनीहरूलाई कम्पनीको ५०औं बार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी कम्पनीको शेयर रजिष्ट्रार एन आई एम बि एस क्यापिटल लिमिटेड लाजिम्पाट, काठमाण्डौंमा समेत सम्पर्क राख्न सक्नुहुनेछ ।

---

**भिडियो कन्फेरेन्सिङ भर्चुअल (जुम) प्रविधिको प्रयोगको माध्यमबाट कम्पनीको ५०औं वार्षिक साधारण सभाको बैठकमा भर्चुअल उपस्थित भई भाग लिनको लागि शेयरधनी महानुभावहरुले अपनाउनु पर्ने विशेष बिधिहरुको सम्बन्धमा जानकारी सम्बन्धि सूचना :-**

१. सहभागी हुने शेयरधनीलाई जुम प्रविधि (ZOOM Applications) को प्रयोग मार्फत भिडियो कन्फेरेन्सिङ (भर्चुअल) माध्यमबाट नेपाल प्रज्ञा प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी काठमाडौंमा हुने ५०औं वार्षिक साधारण सभाको बैठकमा उपस्थित हुनका लागि बैठकमा भाग लिने सबै शेयरधनी महानुभावहरुले अग्रीम रूपमा कम्तीमा एक दिन अगाडी शेयरधनिहरुको कम्पनीमा उपलब्ध/शेयरधनी दर्ता किताबमा रहेको/प्राप्त हुन आएको सम्बन्धित आधिकारिक ईमेल आईडीमा कम्पनीबाट प्रदान गरिएको लिंक मार्फत अग्रिम नाम रजिष्ट्रेसन गरी कन्फर्मेशन लिनु पर्नेछ । रजिष्ट्रेसन भएपछि सहभागी हुने शेयरधनिहरुले कम्पनीको सिस्टम सपोर्टबाट एक कन्फर्मेशन (पुष्टिकरण) ईमेल प्राप्त गर्नुहुनेछ जसमा बैठकमा सामेल हुने सम्बन्धी जानकारी सहित बैठकमा भर्चुवल उपस्थित हुने लिंक

समावेश हुनेछ ।

२. बैठकमा भर्चुवल उपस्थित भई आफ्नो मन्तब्य राख्न चाहनुहुने शेयरधनी महानुभावहरूले कम्तीमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक ईमेल आईडी legal@soaltee.com.np माध्यमबाट सम्पर्क गरी आफ्नो नाम टिपाउदा शेयरधनीको नाम, शेयरधनी संकेत नम्बर वा डिम्याटको BOID नम्बर, धारण गरेको शेयर संख्या, शेयरधनीको ईमेल, मोबाइल नम्बर कम्पनीलाई उपलब्ध गराउनु हुन अनुरोध छ ।

३. कम्पनीको ५०औं वार्षिक साधारण सभाको बैठक भर्चुअल सहभागीता समेतबाट संचालन हुने भएकाले प्रविधिको सिमितता, समयको पावन्दी, उपलब्धता र इन्टरनेटको रोकावट जस्ता प्राविधिक कठिनाईलाई मध्येनजर राखी आफ्नो मन्तव्य राखी दिनुहुन समेत शेयरधनी महानुभावहरू समक्ष हार्दिक अनुरोध छ ।

४. कम्पनीको ५०औं वार्षिक साधारण सभाको बैठकको भर्चुवल सहभागीता प्राविधिक रूपमा राम्रो अनुभव गर्नका लागि शेयरधनी महानुभावहरूलाई ल्यापटप मार्फत बैठकमा सहभागी हुन प्रोत्साहित गर्दछौं ।

५. मोबाइल उपकरण वा ट्याब्लेटबाट वा ल्यापटप मार्फत जडान हुने मोबाइल हटस्पट मार्फत सहभागी हुने शेयरधनी महानुभावहरुले आफ्नो नेटवर्कमा अस्थिरताको कारण अडियो र भिडियो प्रस्तुतिमा श्रब्य दृश्यको गुणस्तर विग्रन सक्ने हुँदा स्थिर वाइफाइ र LAN connection (ल्यान जडान) विधि प्रयोग गर्न सिफारिस गरिन्छ ।

# J. B. Rajbhandary & DiBins

CHARTERED ACCOUNTANTS

2nd Floor (North Wing), Sherpa Mall, Durbar Marg
Kathmandu, Nepal, P.O.Box: 23725
Tel: (01) 5347177, (01) 5344971
E-mail : info@jbrdibins.com.np
web : www.jbrdibins.com.np

**Independent Auditors' Report to the Shareholders of**
**Soaltee Hotel Limited**

**Report on the Summarized Standalone & Consolidated Financial Statements**

**Opinion**

The accompanying summarized Standalone and Consolidated Financial Statements of Soaltee Hotel Limited and Group which comprise of the summarized Statement of Financial Position as at Ashad 31, 2081 (July 15, 2024), and the summarized Statement of Profit or Loss and Other Comprehensive Income and summarized Statement of Cash Flows attached thereto for the year ended at Ashad 31, 2081 (July 15, 2024).

In our opinion and to the best of our information and according to the explanations given to us, the aforesaid summarized Standalone and Consolidated Financial Statements are consistent, in all material aspects, with the audited financial statements, in accordance with the Nepal Financial Reporting Standards.

**Summarized Standalone and Consolidated Financial Statements**

The summarized Standalone and Consolidated financial statements do not contain all the disclosures required by the Nepal Financial Reporting Standards applied in the preparation of the audited Standalone and Consolidated financial statements of Soaltee Hotel Limited. Reading the Summarized Standalone and Consolidated Financial Statements and the auditors' report thereon, therefore, is not a substitute for reading the audited Standalone and Consolidated Financial Statements and auditor's report thereon.

**The Audited Standalone and Consolidated Financial Statements and Our Report thereon**

We expressed an unmodified audit opinion on the audited Standalone and Consolidated Financial Statements in our report dated 13th Kartik 2081 (29 October 2024). That report also includes:

Key Audit Matters are those matters that in, our professional judgment, were of most significance in our audit of the financial statements of the current period. We have considered Revenue Recognition and General Controls in IT Environment as Key Audit Matters in our report.

**Management's Responsibility**

Management is responsible for the preparation and presentation of the summarized Standalone and Consolidated Financial Statements in accordance with Nepal Financial Reporting Standards.

**Auditor's Responsibility**

Our responsibility is to express an opinion on whether the summarized Standalone and Consolidated Financial Statements are consistent, in all material respects, with the audited Standalone and Consolidated Financial Statements based on our procedures, which were conducted in accordance with "Nepal Standards on Auditing (NSA) 810: Engagements to Report on Summary Financial Statements".

J. B. Rajbhandary & DiBins Kathmandu Nepal Chartered Accountants

Kathmandu
Date: 13th Kartik 2081 (29 October 2024)

CA Jitendra B. Rajbhandary
Senior Partner
J. B. Rajbhandary & DiBins
Chartered Accountants
UDIN: 241108CA00014BjDyF

(कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु)

## आर्थिक वर्ष २०८०/८१ को संक्षिप्त वार्षिक आर्थिक विवरण

**श्री शेयरधनी महानुभावहरु,**

यस सोल्टी होटल लिमिटेड (कम्पनी) को समिक्षा आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards– NFRS) बमोजिम तयार गरी लेखापरिक्षण गरिएका संक्षिप्त वार्षिक आर्थिक विवरणहरू देहाय बमोजिम छन्:–

### २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण (वासलात)
### ३१ आषाढ २०८१ (१५ जुलाई २०२४) सम्मको

रुपैंयाँ

| विवरण | टिप्पणी | ३१.०३.२०८१ (१५.०७.२०२४) | ३१.०३.२०८० (१६.०७.२०२३) |
|---|---|---|---|
| सम्पत्ति | | | |
| गैर चालु सम्पत्ति | | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | ३.१ | २,१९३,७५४,१७० | १,९०२,२९७,९८९ |
| अमूर्त सम्पत्ति | ३.२ | ४९,६१२ | ४२६,८५४ |
| लगानी योग्य सम्पत्ति | ३.३ | ८९,३८३,८२५ | ८७,१९७,४९५ |
| लगानी | ३.५ | २८१,२७६,१८८ | २७५,४८७,५६३ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | २२,८९९,४९० | २३,३८९,४१४ |
| कुल गैर चालु सम्पत्ति | | २,५८७,३६३,२८५ | २,२८८,७९९,३१५ |
| चालु सम्पत्ति | | | |
| जिन्सी मौज्दात | ३.७ | १३१,२३७,०१५ | १२२,२०३,५१९ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | ३०७,९००,७३२ | ३२५,८४३,५०५ |
| अग्रिम भुक्तानी | | २२,९६८,७९४ | २१,३७९,७०४ |
| नगद र नगद सरह | ३.८ | १०१,९१५,३७१ | ६९,५४३,६९० |
| कुल चालु सम्पत्ति | | ५६४,०२१,९१२ | ५३८,९७०,४१८ |
| कुल सम्पत्ति | | ३,१५१,३८५,१९७ | २,८२७,७६९,७३३ |
| पूँजी तथा दायित्व | | | |
| पूँजी तथा जगेडा र मुनाफा | | | |
| शेयर पूँजी | ३.९ | ९२८,९५३,७०० | ८८४,७१५,०६० |
| संचित मुनाफा तथा जगेडा | ३.१० | १,४३७,८६२,२६४ | १,२२१,६९७,६७७ |
| कुल पूँजी | | २,३६६,८१५,९६४ | २,१०६,४१२,७३७ |
| दायित्व | | | |
| गैर चालु दायित्व | | | |
| ऋण तथा सापटी | ३.११ | ६,६३६,३०३ | ७,९३१,५७१ |
| कर्मचारी सुविधाहरू | ३.१२ | १२५,४१४,४७३ | १२५,६७४,२१२ |
| स्थगन कर दायित्व | ३.४ | ३४,१६९,८७७ | २४,३२८,४५८ |
| व्यापार तथा अन्य देय | ३.१४ | ९२,६७५,३९२ | ७७,६४६,०१९ |
| कुल गैर चालु दायित्व | | २५८,८९६,०४५ | २३५,५८०,२६० |
| चालु दायित्व | | | |
| ऋण तथा सापटी | ३.११ | १,३६०,२८९ | १,३०८,२०७ |
| कर्मचारी सुविधाहरू | ३.१२ | ८७,५९५,७५९ | ८१,७४१,३४० |
| आयकर देय | ३.१३ | ५,८२६,३२७ | १४,८८३,४८७ |
| व्यापार तथा अन्य देय | ३.१४ | ४३०,८९०,८१३ | ३८७,८४३,७०२ |
| कुल चालु दायित्व | | ५२५,६७३,१८८ | ४८५,७७६,७३६ |
| कुल दायित्व | | ७८४,५६९,२३३ | ७२१,३५६,९९६ |
| कुल पूँजी तथा दायित्व | | ३,१५१,३८५,१९७ | २,८२७,७६९,७३३ |

| ................. | ................................. | ............... | ................ | ......................... | ................... |
|---|---|---|---|---|---|
| **निर्देशक वित्त** | **प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव** | **उपाध्यक्ष** | **संचालकहरु** | **कार्यकारी अध्यक्ष** | **लेखापरिक्षक**<br>**जे.बि. राजभण्डारी एण्ड डिबिन्स**<br>**चाटर्ड एकाउण्टेण्टस्** |

# २०८१ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को नाफा वा नोक्सान विवरण तथा अन्य कम्प्रीहेन्सीब आय (नाफा नोक्सान हिसाब)

## (३१ आषाढ २०८१ (१५ जुलाई २०२४) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैंयाँ

| विवरण | टिप्पणी | २०८०-८१ (२०२३-२४) | २०७९-८० (२०२२-२३) |
|---|---|---|---|
| संचालनबाट आम्दानी | ३.१५ | २,३९०,४४९,४११ | २,१५६,२१६,६२१ |
| अन्य आम्दानी | ३.१६ | १०७,९६९,०५६ | ९८,४०९,६४० |
| कुल आय | | २,४९८,४१८,४६७ | २,२५४,६२६,२६१ |
| खाद्य तथा पेय पदार्थको खपत | ३.१७ | ४०५,१५३,४७६ | ३८०,०८३,४०६ |
| कर्मचारी सुविधा खर्चहरू | ३.१८ | ५६३,३८३,७२८ | ५०२,३६८,१३१ |
| संचालन आपूर्ती खर्च | ३.१९ | ३०३,४६०,३६७ | २८५,३९९,८२३ |
| ह्रास तथा परिशोधन खर्च | ३.१/३.२/३.३ | १३७,५०३,२५५ | ११३,६४१,१७० |
| अन्य खर्च | ३.२० | ३३७,९६७,८८० | २७७,३४३,५६५ |
| कुल खर्च | | १,७४७,४६८,७०६ | १,५५८,८३६,०९५ |
| संचालनबाट मुनाफा | | ७५०,९४९,७६१ | ६९५,७९०,१६६ |
| वित्त लागत | | ३,६०२,८८० | ८,६६०,७३८ |
| कर अघिको मुनाफा | | ७४७,३४६,८८१ | ६८७,१२९,४२८ |
| आयकर | | १४७,३०४,४१८ | १३२,१४९,८३३ |
| चालु आयकर | | १३७,४६२,९९९ | १२४,६०८,११३ |
| स्थगन कर खर्च/(आम्दानी) | ३.४ | ९,८४१,४१९ | ७,५४१,७२० |
| निरन्तर संचालनबाट भएको मुनाफा | | ६००,०४२,४६३ | ५५४,९७९,५९५ |
| संचालन नभएको व्यवसायबाट भएको नाफा (नोक्सान) (कर पश्चात) | | - | - |
| वर्षको खुद मुनाफा | | ६००,०४२,४६३ | ५५४,९७९,५९५ |
| अन्य कम्प्रीहेन्सीब आय | | | |
| शेयर पूँजीको Fair Value मा भएको परिवर्तन | | ५,७८८,६२५ | १,७०४,८२१ |
| कुल कम्प्रीहेन्सीब आय | | ६०५,८३१,०८८ | ५५६,६८४,४१६ |

| | | | |
|---|---|---|---|
| आधारभुत (Basic) प्रति शेयर आम्दानी रू. | ३.२१ | ६.४६ | ५.९७ |
| विलुप्त (Diluted) प्रति शेयर आम्दानी रू. | | ६.४६ | ५.९७ |

| निर्देशक वित्त | प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव | उपाध्यक्ष | संचालकहरु | कार्यकारी अध्यक्ष | लेखापरिक्षक जे.बि. राजभण्डारी एण्ड डिबिन्स चाटर्ड एकाउण्टेण्टस् |
|---|---|---|---|---|---|

# २०८१ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को नगद प्रवाह विवरण
## (३१ आषाढ २०८१ (१५ जुलाई २०२४) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैंयाँ

| विवरण | २०८०-८१ (२०२३-२४) | २०७९-८० (२०२२-२३) |
|---|---|---|
| संचालन गतिविधिबाट नगद प्रवाह | | |
| वर्षको कर अघिको मुनाफा | ७४७,३४६,८८१ | ६८७,१२९,४२८ |
| समायोजनहरू | | |
| लाभांश आम्दानी | (२,७००,०००) | (१९,२७१,३४७) |
| सम्पत्ति, मेशिनरी र उपकरण निसर्गबाट (नाफा)/नोक्सान | (१७९,२८१) | (४,५०६,५०२) |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | (५०३,७७६) | (१४७,३९५) |
| व्यापार प्राप्यको लागि नोक्सानी व्यवस्था | ५,०००,००० | ५,०००,०६१ |
| बोनस व्यवस्था | ७४,७३४,६८८ | ६८,७१२,९४३ |
| सम्पत्ति, मेशिनरी, उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको ह्रास तथा परिशोधन | १३७,५०३,२५५ | ११३,६४१,१७० |
| वित्त लागत | ३,६०२,८८० | ८,६६०,७३८ |
| कार्यशील पूँजी परिवर्तन अघिको संचालन मुनाफा | ९६४,८०४,६४७ | ८५९,२१९,०९६ |
| व्यापार तथा अन्य प्राप्यमा भएको (वृद्धि)/कमी | १३,४३२,६९७ | (४४,२९७,१४३) |
| जिन्सी मौज्दातमा भएको (वृद्धि)/कमी | (९,०३३,४९६) | (३७,२५९,५५९) |
| अग्रिम भुक्तानीमा भएको (वृद्धि)/कमी | (१,५८९,०९०) | (६,९७३,८३४) |
| व्यापार तथा अन्य देयमा भएका वृद्धि/(कमी) | ५३,६७९,२४२ | (१२,४२५,११२) |
| कर्मचारी सुविधामा भएको वृद्धि/(कमी) | (४२७,०६५) | ४,४७९,८६४ |
| संचालन गतिविधिबाट नगद प्रवाह | १,०२०,८६६,९३५ | ७६२,७४३,३१२ |
| बोनस भुक्तानी | (६८,७१२,९४३) | (३१,५१७,१२५) |
| आयकर भुक्तानी | (२५६,८०२,९५७) | (७६,१८८,५५७) |
| संचालन गतिविधिबाट खुद नगद प्रवाह (क) | ६९५,३५१,०३५ | ६५५,०३७,६३० |
| लगानी गतिविधिको नगद प्रवाह | | |
| सम्पत्ति, मेशिनरी र उपकरणको विक्रीबाट प्राप्त | ४,६३८,५४० | ७,०८१,७७१ |
| सम्पत्ति, मेशिनरी र उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको खरिद | (४३५,२२७,७८३) | (४२१,७८०,४५८) |
| लगानीमा (वृद्धि)/कमी | - | १६,९०६,९२८ |
| लाभांश आम्दानी | २,७००,००० | १९,२७१,३४७ |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | ५०३,७७६ | १४७,३९५ |
| लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह (ख) | (४२७,३८५,४६७) | (३७८,३७३,०१७) |
| वित्तीय गतिविधिको नगद प्रवाह | | |
| वित्त लागत | (३,६०२,८८०) | (८,६६०,७३८) |
| ऋण तथा सापटीको वृद्धि/(भुक्तानी) | (१,२४३,१८६) | (५३,७५१,८१७) |
| बोनस शेयरको खण्डित मूल्य नगद (भुक्तानी)/प्राप्ती | २,८८७ | ६,३४४ |
| खुद लाभांश भुक्तानी | (२३०,७५०,७०८) | (१७६,५७८,१२८) |
| वित्तिय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग) | (२३५,५९३,८८७) | (२३८,९८४,३३९) |
| नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग) | ३२,३७१,६८१ | ३७,६८०,२७४ |
| वर्षारम्भमा नगद र नगद सरह | ६९,५४३,६९० | ३१,८६३,४१६ |
| वर्षान्तमा नगद र नगद सरह | १०१,९१५,३७१ | ६९,५४३,६९० |

| निर्देशक वित्त | प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव | उपाध्यक्ष | संचालकहरु | कार्यकारी अध्यक्ष | लेखापरिक्षक<br>जे.बि. राजभण्डारी एण्ड डिबिन्स<br>चाटर्ड एकाउन्टेन्टस् |
|---|---|---|---|---|---|

**आर्थिक वर्ष २०८०/८१ को संक्षिप्त वार्षिक एकिकृत आर्थिक विवरण**
**२०८१ आषाढ मसान्तको एकिकृत (Consolidated) वित्तीय स्थितिको विवरण (वासलात)**
**३१ आषाढ २०८१ (१५ जुलाई २०२४) सम्मको**

रुपैंयाँ

| विवरण | टिप्पणी | ३१/०३/२०८१ (१५/०७/२०२४) | ३१/०३/२०८० (१६/०७/२०२३) |
|---|---|---|---|
| सम्पत्ति | | | |
| गैर चालु सम्पत्ति : | | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | ३.१ | २,१९३,७५४,१७० | १,९०२,२९७,९८९ |
| अमूर्त सम्पत्ति | ३.२ | ४९,६१२ | ४२६,८५४ |
| लगानी योग्य सम्पत्ति | ३.३ | ८९,३८३,८२५ | ८७,१९७,४९५ |
| लगानी | ३.५ | २८०,४७६,१८८ | २७४,६८७,५६३ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | २२,८९९,४९० | २३,३८९,४१४ |
| कुल गैर चालु सम्पत्ति | | २,५८६,५६३,२८५ | २,२८७,९९९,३१५ |
| चालु सम्पत्ति : | | | |
| जिन्सी मौज्दात | ३.७ | १३१,२३७,०१५ | १२२,२०३,५१९ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | ३१०,८९४,५७२ | ३२६,३३७,३४८ |
| अग्रिम भुक्तानी | | २२,९६८,७९४ | २१,३७९,७०४ |
| नगद र नगद सरह | ३.८ | १०४,२००,१६४ | ७२,५९६,९३५ |
| कुल चालु सम्पत्ति | | ५६९,३००,५४५ | ५४२,५१७,५०६ |
| कुल सम्पत्ति | | ३,१५५,८६३,८३० | २,८३०,५१६,८२१ |
| पूँजी तथा दायित्व | | | |
| पूँजी तथा जगेडा र मुनाफा | | | |
| शेयर पूँजी | ३.९ | ९२८,९५३,७०० | ८८४,७१५,०६० |
| संचित मुनाफा तथा जगेडा | ३.१० | १,४४२,६१३,०५२ | १,२२४,०४०,५११ |
| नियन्त्रकको कुल पूँजी | | २,३७१,५६६,७५२ | २,१०८,७५५,५७१ |
| नियन्त्रण नहुने स्वार्थ | ३.११ | - | - |
| कुल पूँजी | | २,३७१,५६६,७५२ | २,१०८,७५५,५७१ |
| दायित्व | | | |
| गैर चालु दायित्व : | | | |
| ऋण तथा सापटी | ३.१२ | ६,६३६,३०३ | ७,९३१,५७१ |
| कर्मचारी सुविधाहरू | ३.१३ | १२५,४१४,४७३ | १२५,६७४,२१२ |
| स्थगन कर दायित्व | ३.४ | ३४,१६९,८७७ | २४,३२८,४५८ |
| व्यापार तथा अन्य देय | ३.१५ | ९२,६७५,३९२ | ७७,६४६,०१९ |
| कुल गैर चालु दायित्व | | २५८,८९६,०४५ | २३५,५८०,२६० |
| चालु दायित्व : | | | |
| ऋण तथा सापटी | ३.१२ | १,३६०,२८९ | १,३०८,२०७ |
| कर्मचारी सुविधाहरू | ३.१३ | ८७,५९५,७५९ | ८१,७४१,३४० |
| आयकर देय | ३.१४ | ५,२०१,३१५ | १४,९७०,५१७ |
| व्यापार तथा अन्य देय | ३.१५ | ४३१,२४३,६७० | ३८८,१६०,९२६ |
| कुल चालु दायित्व | | ५२५,४०१,०३३ | ४८६,१८०,९९० |
| कुल दायित्व | | ७८४,२९७,०७८ | ७२१,७६१,२५० |
| कुल पूँजी तथा दायित्व | | ३,१५५,८६३,८३० | २,८३०,५१६,८२१ |

| निर्देशक वित्त | प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव | उपाध्यक्ष | संचालकहरु | कार्यकारी अध्यक्ष | लेखापरिक्षक जे.बि. राजभण्डारी एण्ड डिबिन्स चाटर्ड एकाउण्टेण्टस् |
|---|---|---|---|---|---|

**२०८१ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को**
**एकिकृत (Consolidated) नाफा वा नोक्सान विवरण तथा अन्य कम्प्रीहेन्सीब आय (नाफा नोक्सान हिसाब)**
**(३१ आषाढ २०८१ (१५ जुलाई २०२४) मा समाप्त भएको आर्थिक वर्ष)**

रुपैयाँ

| विवरण | टिप्पणी | २०८०-८१ (२०२३-२४) | २०७९-८० (२०२२-२३) |
|---|---|---|---|
| संचालनबाट आम्दानी | ३.१६ | २,३९०,४४९,४११ | २,१५६,२१६,६२१ |
| अन्य आम्दानी | ३.१७ | १११,२७९,२४३ | १००,४८४,४५८ |
| कुल आय | | २,५०१,७२८,६५४ | २,२५६,७०१,०७९ |
| खाद्य तथा पेय पदार्थको खपत | ३.१८ | ४०५,१५३,४७६ | ३८०,०८३,४०६ |
| कर्मचारी सुविधा खर्चहरू | ३.१९ | ५६३,३८३,७२८ | ५०२,३६८,१३१ |
| संचालन खर्च | ३.२० | ३०३,४६०,३६७ | २८५,३९९,८२३ |
| ह्रास तथा परिशोधन खर्च | ३.१/३.२/३.३ | १३७,५०३,२५५ | ११३,६४१,१७० |
| अन्य खर्च | ३.२१ | ३३८,०६३,९८९ | २७७,३९९,००१ |
| कुल खर्च | | १,७४७,५६४,८१५ | १,५५८,८९१,५३१ |
| संचालनबाट मुनाफा | | ७५४,१६३,८३९ | ६९७,८०९,५४८ |
| वित्त लागत | | ३,६०२,८८० | ८,६६०,७३८ |
| कर अघिको मुनाफा | | ७५०,५६०,९५९ | ६८९,१४८,८१० |
| आयकर | | १४८,११०,५४२ | १३२,६६२,२१५ |
| चालु आयकर | | १३८,२६९,१२३ | १२५,१२०,४९५ |
| स्थगन कर खर्च/(आम्दानी) | ३.४ | ९,८४१,४१९ | ७,५४१,७२० |
| वर्षको खुद मुनाफा | | ६०२,४५०,४१७ | ५५६,४८६,५९५ |
| अन्य कम्प्रीहेन्सीब आय | | | |
| शेयर पूँजीको Fair Value मा भएको परिवर्तन | | ५,७८८,६२५ | १,७०४,८२१ |
| कुल कम्प्रीहेन्सीब आय | | ६०८,२३९,०४२ | ५५८,१९१,४१६ |

खुद मुनाफाको हिस्सा :

| | | | |
|---|---|---|---|
| नियन्त्रकको | | ६०२,४५०,४१७ | ५५६,४८६,५९५ |
| नियन्त्रण नहुने स्वार्थ | | - | - |

अन्य कम्प्रीहेन्सीब आयको हिस्सा :

| | | | |
|---|---|---|---|
| नियन्त्रकको | | ५,७८८,६२५ | १,७०४,८२१ |
| नियन्त्रण नहुने स्वार्थ | | - | - |

| | | | |
|---|---|---|---|
| आधारभुत (Basic) प्रति शेयर आम्दानी रू. | ३.२२ | ६.४९ | ५.९९ |
| विलुप्त (Diluted) प्रति शेयर आम्दानी रू. | | ६.४९ | ५.९९ |

| .................. | .................. | .................. | .................. | .................. | .................. |
|---|---|---|---|---|---|
| **निर्देशक वित्त** | **प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव** | **उपाध्यक्ष** | **संचालकहरु** | **कार्यकारी अध्यक्ष** | **लेखापरिक्षक**<br>**जे.बि. राजभण्डारी एण्ड डिबिन्स**<br>**चाटर्ड एकाउण्टेण्टस्** |

२०८१ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को

**एकिकृत (Consolidated) नगद प्रवाह विवरण**

**(३१ आषाढ २०८१ (१५ जुलाई २०२४) मा समाप्त भएको आर्थिक वर्ष)**

रुपैयाँ

| विवरण | २०८०-८१ (२०२३-२४) | २०७९-८० (२०२२-२३) |
|---|---|---|
| संचालन गतिविधिबाट नगद प्रवाह | | |
| वर्षको कर अधिको मुनाफा | ७५०,५६०,९५९ | ६८९,१४८,८१० |
| समायोजनहरू : | | |
| लाभांश आम्दानी | (२,७००,०००) | (१९,२७१,३४७) |
| सम्पत्ति, मेशिनरी र उपकरण निसर्गबाट (नाफा)/नोक्सान | (१७९,२८१) | (४,५०६,५०२) |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | (५६३,६३२) | (१५६,३९०) |
| व्यापार प्राप्यको लागि नोक्सानी व्यवस्था | ५,०००,००० | ५,०००,०६१ |
| बोनस व्यवस्था | ७४,७३४,६८८ | ६८,७१२,९४३ |
| सम्पत्ति, मेशिनरी, उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको ह्रास तथा परिशोधन | १३७,५०३,२५५ | ११३,६४१,१७० |
| वित्त लागत | ३,६०२,८८० | ८,६६०,७३८ |
| कार्यशील पुँजी परिवर्तन अघिको संचालन मुनाफा | ९६७,९५८,८६९ | ८६१,२२९,४८३ |
| व्यापार तथा अन्य प्राप्यमा भएको (वृद्धि)/कमी | १०,९३२,७०० | (४३,७८३,५९२) |
| जिन्सी मौज्दातमा भएको (वृद्धि)/कमी | (९,०३३,४९६) | (३७,२५९,५५९) |
| अग्रिम भुक्तानीमा भएको (वृद्धि)/कमी | (१,५८९,०९०) | (६,९७३,८३४) |
| व्यापार तथा अन्य देयमा भएका वृद्धि/(कमी) | ५३,७१४,८७५ | (१२,२०९,५१३) |
| कर्मचारी सुविधामा भएको वृद्धि/(कमी) | (४२७,०६५) | ४,४७९,८६४ |
| संचालन गतिविधिबाट नगद प्रवाह | १,०२१,५५६,७९३ | ७६५,४८२,८४९ |
| बोनस भुक्तानी | (६८,७१२,९४३) | (३१,५१७,१२५) |
| आयकर भुक्तानी | (२५८,३२१,१२३) | (७६,२६६,६३४) |
| संचालन गतिविधिबाट खुद नगद प्रवाह (क) | ६९४,५२२,७२७ | ६५७,६९९,०९० |
| लगानी गतिविधिको नगद प्रवाह | | |
| सम्पत्ति, मेशिनरी र उपकरणको विक्रीबाट प्राप्त | ४,६३८,५४० | ७,०८१,७७१ |
| सम्पत्ति, मेशिनरी र उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको खरिद | (४३५,२२७,७८३) | (४२१,७८०,४५८) |
| लगानीमा (वृद्धि)/कमी | - | १२,३७४,८६४ |
| लाभांश आम्दानी | २,७००,००० | १९,२७१,३४७ |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | ५६३,६३२ | १५६,३९० |
| लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह (ख) | (४२७,३२५,६११) | (३८२,८९६,०८६) |
| वित्तिय गतिविधिको नगद प्रवाह | | |
| वित्तिय लागत | (३,६०२,८८०) | (८,६६०,७३८) |
| ऋण तथा सापटीको वृद्धि/(भुक्तानी) | (१,२४३,१८६) | (५३,७५१,८१७) |
| बोनस शेयरको खण्डित मूल्य नगद (भुक्तानी)/प्राप्ती | २,८८७ | ६,३४४ |
| खुद लाभांश भुक्तानी | (२३०,७५०,७०८) | (१७६,५७८,१२८) |
| वित्तिय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग) | (२३५,५९३,८८७) | (२३८,९८४,३३९) |
| नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग) | ३१,६०३,२२९ | ३५,८१८,६६५ |
| वर्षारम्भमा नगद र नगद सरह | ७२,५९६,९३५ | ३६,७७८,२७० |
| वर्षान्तमा नगद र नगद सरह | १०४,२००,१६४ | ७२,५९६,९३५ |

| निर्देशक वित्त | प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव | उपाध्यक्ष | संचालकहरु | कार्यकारी अध्यक्ष | लेखापरिक्षक जे.बि. राजभण्डारी एण्ड डिबिन्स चाटर्ड एकाउण्टेण्टस् |
|---|---|---|---|---|---|

# संचालक समितिको संक्षिप्त प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

कम्पनीको ५०औं वार्षिक साधारण सभामा सम्पुर्ण आदरणीय शेयरधनी महानुभावहरूलाई स्वागत गर्न पाउँदा सञ्चालक समिति अत्यन्तै हर्षित भएको छ । यहाँहरू समक्ष कम्पनीको ५०औं वार्षिक प्रतिवेदन तथा ३१ आषाढ २०८१ तदनुसार १५ जुलाई २०२४ मा अन्त्य भएको आर्थिक बर्षको लेखा परिक्षण गरिएका वित्तीय विवरणहरू प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वीत भएका छौं । कम्पनीले वैधानिक प्रावधानका अनुपालनाहरूको परिपालना गर्दै नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standard, NFRS) को मापदण्डको आधारमा कम्पनीका आर्थिक विवरणहरू तयार पारी प्रस्तुत गर्ने गरेकोछ ।

**<u>संक्षिप्त पर्यटन परिदृश्य तथा कारोबार संचालन गतिविधिहरुको समीक्षा</u>**

संक्षेपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा वर्ष २०२४ मा पर्यटन तथा आतिथ्यसत्कार उद्योगले धेरै संकटपूर्ण आरोह अवरोहहरूको सामना गर्दै विविध महत्वपूर्ण अन्तर्राष्ट्रिय कारकहरूबाट प्रभावित रह्यो । जसमा भूराजनीतिक तनावहरू, मुलतः पूर्वी युरोप र मध्य पूर्वमा विकसित तिक्तताले पर्यटक आगमन संख्यामा उतार चढाव निम्त्याई रहेको छ । एकै समयमा, विश्वव्यापी मुद्रास्फीतिले पर्यटकहरुको खर्च गर्ने शक्तिलाई असर गरिरहेको छ, जसले गर्दा धेरै पर्यटक यात्रुहरुले छोटो र अधिकाधिक बजेट मैत्री सस्ता पर्यटन गन्तब्यहरुमा पर्यटन भ्रमणका लागि गन्तव्य छनौट गर्ने गरेका छन । तथापी  विलासितायुक्त पर्यटन यात्राहरूको माग यथावत कायम रहने देखिन्छ तथा विलासितायुक्त खण्डका पर्यटन बजारहरू लोकप्रिय पनि रहेका छन् । नेपालमा वातावरणमैत्री पर्यटन तथा आतिथ्यसत्कार होटेलहरूमा बसाईको माग बढ्दो क्रममा रहेको छ, जसले गर्दा नेपालको आतिथ्यसत्कार क्षेत्रमा संलग्न होटलहरुलाई वातावरणमैत्री दिगोपन तर्फ आकर्षित गर्दै सोमा बढी ध्यान केन्द्रित गर्न उत्प्रेरित गरेको छ ।

क्षेत्रीय स्तरमा, सुधारिएका सुबिधायुक्त यातायात लिंकहरु र सार्क र बिमस्टेक जस्ता पहलहरुले पर्यटकहरुलाई दक्षिण एशिया भित्र पर्यटन यात्रा गर्न सजिलो बनाउँदैछ । नेपाललाई सांस्कृतिक र साहसिक पर्यटनको हबको रुपमा स्थापित गर्नेतर्फ पहल भई रहेको छ । आतिथ्यसत्कारमा संलग्न होटेलहरुले स्थानीय व्यवस्थापक तथा वेलनेस अपरेटरहरुसँग मिलेर रोमान्चक अनुभवहरु प्रदान गर्नको लागि वेलनेस पर्यटनलाई समेत आकर्षक बनाईरहेको अवस्था रहको छ । राष्ट्रिय स्तरमा, नेपाल सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नती तथा अद्यावधिक, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा निर्माण गरी पर्यटन पूर्वाधारहरुमा ठूलो लगानी गरिरहेको छ, जुन बढ्दो पर्यटक यात्रु आगमन संख्यालाई सञ्चालन तथा व्यवस्थापन गर्नका लागि महत्वपूर्ण हुनेछ । सांस्कृतिक तथा चाडपर्वका लागि सरकारी सहयोग र सम्पदाको संरक्षणका कारण धेरै पर्यटक आगमन हुन थालेपछि सांस्कृतिक पर्यटन फस्टाउँदै गएको छ । साथै, पर्यावरण-सचेत यात्रीहरुलाई आकर्षण गर्न वातावरणमैत्री दिगोपनका अभ्यासहरुमा जोड दिइएको छ । ग्रामीण पर्यटन पनि बढ्दै गएको छ, पर्यटक यात्रुहरुलाई कम पर्यटन भ्रमण तथा यात्रा गर्ने क्षेत्रहरु अन्वेषण गर्न प्रोत्साहित गर्दैछ जबकि शहरका आतिथ्यसत्कारमा संलग्न होटेलहरुले प्याकेजहरु सिर्जना गर्दैछन् जसले शहरी र ग्रामीण अनुभवहरु संयोजन गर्दैछ ।

अन्त्यमा, आतिथ्यसत्कार उद्योगले डिजिटल रुपान्तरणलाई अँगालेको छ, अनलाइन आरक्षणहरु तथा व्यक्तिगत विशिष्टीकृत सेवाहरुको साथै आतिथ्य रोमान्चक अनुभवहरु बढाउँदैछ, जसले पर्यटनको परिवर्तित परिदृश्यमा अनुकूलनता प्रदान गर्दै पर्यटन रणनीतिक योजनाको महत्वलाई विशिष्टता प्रदान गर्दछ ।

## सञ्चालन गतिविधिबाट वित्तीय नतिजा

आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) मा कम्पनीको कूल आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा १०.८१ प्रतिशतले (अघिल्लो आर्थिक वर्ष ६४.६८ प्रतिशत) बढेको छ । समिक्षा आर्थिक वर्षको कुल आम्दानी रु. २,४९.८४ करोड (गत वर्ष रू. २,२५.४६ करोड) रहेको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा लगभग रू. २४.३८ करोडले (अघिल्लो आर्थिक वर्ष ८८.५५ करोड) बढेको छ । कम्पनीको अघिल्लो आर्थिक वर्षको ८०.०८ करोडको नगद मुनाफाको तुलनामा समीक्षा आर्थिक वर्षमा कम्पनीले रु.८८.४९ करोड नगद मुनाफा आर्जन गर्न सफल भएकोछ । साथै, कम्पनीले अघिल्लो आर्थिक वर्षको रू. ५५.५० करोड खुद मुनाफाको तुलनामा समिक्षा आर्थिक वर्षमा कर पश्चात् ६०.०० करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

### कार्यप्रगतिको झलकः वित्तीय नतिजाहरु

आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) मा कम्पनीले हासिल गरेको प्रमुख कार्यप्रगतिको तुलनात्मक संक्षिप्त वित्तीय तथ्यांकहरू देहाय बमोजिम रहेका छन्ः–

रुपैंयाँ दश लाखमा

| विवरण | आर्थिक वर्ष | | वृद्धि/(कमी) | वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|---|
| | २०८०/८१ | २०७९/८० | | |
| कुल आम्दानी | २,४९८.४२ | २,२५४.६३ | २४३.७९ | १०.८१% |
| कुल खर्चहरू | १,७४७.४७ | १,५५८.८४ | १८८.६३ | १२.१०% |
| संचालनबाट मुनाफा/(नोक्सानी) | ७५०.९५ | ६९५.७९ | ५५.१६ | ७.९३% |
| न्यूनः वित्त लागत | ३.६० | ८.६६ | (५.०६) | (५८.४३%) |
| आयकर अघिको मुनाफा/(नोक्सानी) | ७४७.३५ | ६८७.१३ | ६०.२२ | ८.७६% |
| आयकर व्यवस्था | १३७.४६ | १२४.६१ | १२.८५ | १०.३१% |
| स्थगन कर खर्च/(आम्दानी) | ९.८४ | ७.५४ | २.३० | ३०.५०% |
| आयकर पछिको खुद मुनाफा/ (नोक्सानी) | ६००.०४ | ५५४.९८ | ४५.०६ | ८.१२% |
| यस वर्ष खुद मुनाफा/(नोक्सानी) जगेडामा सारेको | ६००.०४ | ५५४.९८ | ४५.०६ | ८.१२% |

### संक्षिप्त वार्षिक आर्थिक विवरणमा अन्य उल्लेख गर्नुपर्ने कुराहरु :

१. कम्पनीको आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को यो संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकहरूको प्रतिवेदनको आधारमा तयार पारिएको छ ।

२. आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) मा कम्पनीले प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टीङ्ग स्ट्याण्डर्ड) अनुरूप सबै वित्तीय प्रतिवेदनहरू नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards (NFRS)) बमोजिम तयार गरी लेखापरिक्षण गरी कम्पनीका लेखापरिक्षकको प्रतिवेदन प्राप्त भए पश्चात् कम्पनीको अभिलेखमा रहेको पूर्णपाठ अनुसार यो संक्षिप्त आर्थिक विवरण तयार गरिएको छ र यस संक्षिप्त आर्थिक विवरणले सोको सही चित्रण गर्दछ ।

३. यो संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो ।

४. संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकको प्रतिवेदन अनुरूप छ र सो को विवरण तोकिएको ढाँचा अनूकुल छ ।

| ................. | ................................ | ................. | ................. | ......................... | ................. |
|---|---|---|---|---|---|
| **निर्देशक वित्त** | **प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव** | **उपाध्यक्ष** | **संचालकहरु** | **कार्यकारी अध्यक्ष** | **लेखापरिक्षक जे.बि. राजभण्डारी एण्ड डिबिन्स चाटर्ड एकाउण्टेण्टस्** |

**मिति : २०८१ कार्तिक १३ गते (२९ अक्टोबर २०२४), स्थान : काठमाण्डौं, नेपाल ।**

# प्रतिनिधि नियुक्त गर्ने निवेदन

मितिः ......................

श्री सञ्चालक समिति
सोल्टी होटल लिमिटेड
ताहाचल, काठमाडौं ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

....................................जिल्ला ...................................म.न.पा. ⁄ उ.म.न.पा. ⁄ न.पा. ⁄ गा.पा., वडा नं.....................बस्ने म ⁄ हामी ............................................................. ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०८१ साल पौष महिना ०४ गते तद्नुसार १९ डिसेम्बर २०२४, विहिबारका दिन हुने ५०औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि ........................... .......... जिल्ला ..........................म.न.पा. ⁄ उ.म.न.पा. ⁄ न.पा. ⁄ गा.पा., वडा नं. ........... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ................................................ शेयर प्रमाण पत्र नं. ⁄ BOID No. ................. लाई मेरो ⁄ हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु । छौं ।

निवेदक

शेयरधनीको दस्तखतः

नामः ..................................................

ठेगानाः ................... ...........................

शेयर प्रमाणपत्र नं. ⁄ BOID No. ...............................................

भौतिक प्रमाणपत्र भएमा शेयरधनी संकेत नं. ............

स्वामित्वमा रहेको जम्मा शेयर संख्याः .............

मितिः ................................

**द्रष्टव्यः यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।**

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

पोष्ट बक्स नं. ३८००,
ताहाचल, काठमाडौं, नेपाल ।
फोन नं. ९७७ १ ४२७३९९९ / ४२७२२०६
ईमेल : legal@soaltee.com.np

www.soalteehotel.com | www.soaltee.com